विधेयक संख्याः

# लेखापरीक्षण सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७३

२०७३

व्यवस्थापिका – संसद सचिवालय

सिंहदरबार, काठमाडौं ।

# उद्देश्य र कारण

नेपालमा लेखापरीक्षण कार्य लेखापरीक्षण ऐन, २०४८ द्वारा व्यवस्थित हुँदै आएकोमा नेपालको संविधान प्रारम्भ भए पश्चात महालेखापरीक्षकले नेपालको संविधानको धारा २४१ अनुसार आफ्नो काम, कर्तव्य र अधिकारलाई व्यवस्थित गर्न समयानुकुल कानूनी व्यवस्था गरी सबै सरकारी कार्यालय, नेपाल सरकार वा प्रदेश सरकारको पचास प्रतिशतभन्दा बढी शेयर वा स्वामित्व भएको संगठित संस्था र महालेखापरीक्षकबाट लेखापरीक्षण हुने भनी प्रचलित कानूनद्वारा तोकिएको अन्य कुनै कार्यालय वा संस्थाको लेखापरीक्षण प्रचलित असल अभ्यासमा आधारित लेखापरीक्षण मानदण्ड, नीति, निर्देशनका आधारमा गरी लेखापरीक्षणलाई वस्तुपरक, विश्वसनीय र भरपर्दो बनाई लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न आवश्यक भएकोले प्रस्तुत विधेयक पेश गर्नु परेको हो ।

(कृष्ण वहादुर महरा)

उपप्रधानमन्त्री तथा अर्थ मन्त्री

# लेखापरीक्षण विधेयक, २०७३ मा रहेको प्रत्यायोजित व्यवस्थापन सम्वन्धी टिप्पणी

| सि.नं. | दफा | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत वनाईने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनवाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| 1. | ५(२) र ६(२) | लेखापरीक्षण गर्ने निकायको कार्य प्रकृति र विविध विषयको लेखापरीक्षण गर्ने आवश्यकता तथा उपलब्ध जनशक्तिको आधारमा लेखापरीक्षणको विधि तरिका क्षेत्र र परीक्षण गर्ने कुरा समय सापेक्ष वनाई आवश्यकता अनुसार परिमार्जन गर्न आवश्यक भएकोले । | लेखापरीक्षण गर्ने निकायको कार्य प्रकृति र विविध विषयको लेखापरीक्षण गर्ने आवश्यकता तथा उपलब्ध जनशक्तिको आधारमा सूचना प्रविधि, कार्यमूलक, लैङ्गिक, विधिविज्ञान, वातावरण जस्ता विषय तथा सामयिक लेखापरीक्षणको लागि लेखापरीक्षण विधि, तरिका, क्षेत्र र परीक्षण गर्ने विषय महालेखापरीक्षकबाट तोकिने । | समयक्रम संगै हुने प्रविधिको विकास र त्यसवाट परेको प्रभाव समेतको लेखापरीक्षण गरी त्यस्ता विषयमा सरकारी निकायवाट भए गरेका काम कारवाही संसद मार्फत जनतालाई सुसूचित गर्न सकिने । |
| 2. | १०(३) | नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षण कार्यमा एकरुपता कायम गर्न आवश्यक भएकोले । | नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षण कार्यमा संलग्न लेखापरीक्षकको काम, कर्तव्य, अधिकार र दायित्व तथा लेखापरीक्षण प्रकृया तथा प्रतिवेदन गर्ने विषय महालेखापरीक्षकबाट तोकिने । | नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षण कार्यमा एकरुपता कायम गर्न सकिने । |
| 3. | १०(४) | नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षण गर्ने लेखापरीक्षकले लिने लेखापरीक्षण शुल्कलाई व्यवस्थित गर्न आवश्यक भएकोले । | नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षण कार्यमा संलग्न लेखापरीक्षकको पारिश्रमिक संस्थाको आर्थिक कारोवारको अवस्था, कार्यवोझ अनुसार महालेखापरीक्षकबाट तोकिने । | नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षण गर्ने लेखापरीक्षकले लिने लेखापरीक्षण शुल्क कार्यवोझ र समयानुकूल हुने । |
| 4. | ११(२) | नेपाल सरकार वा प्रदेश सरकारको अधिकांश स्वामित्व भएको संगठित संस्थाले लेखापरीक्षक नियुक्ति गर्दा परामर्श लिंदा अपनाउने प्रकृया तथा लेखापरीक्षकले लेखापरीक्षण गर्दा अपनाउने सिद्धान्तका विषयमा एकरुपता कायम गर्न आवश्यक भएकोले । | नेपाल सरकार वा प्रदेश सरकारको अधिकांश स्वामित्व भएको संगठित संस्थाले लेखापरीक्षक नियुक्तिका लागि परामर्श लिंदा अपनाउने प्रकृया तथा लेखापरीक्षकले लेखापरीक्षण गर्दा अपनाउने सिद्धान्तका विषय महालेखापरीक्षकबाट तोकिने । | नेपाल सरकार वा प्रदेश सरकारको अधिकांश स्वामित्व भएको संगठित संस्थाले लेखापरीक्षक नियुक्ति गर्दा परामर्श लिंदा अपनाउने प्रकृया तथा लेखापरीक्षकले लेखापरीक्षण गर्दा अपनाउने सिद्धान्तका विषयमा एकरुपता कायम गर्न सकिने । |
| 5. | १३(१) | नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण स्वामित्व भएको संगठित संस्थाको लेखापरक्षिण गरे वापत संस्थाको प्रकृति र लेखापरक्षिण कार्यको कार्य वोझका आधारमा महालेखापरीक्षकले लिने | नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षण कार्यमा संलग्न लेखापरीक्षकको पारिश्रमिक संस्थाको आर्थिक कारोवारको अवस्था, कार्यवोझ अनुसार नियमावलीमा | नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षण गरे वापत संस्थाको प्रकृति र लेखापरीक्षण कार्यको कार्य वोझका आधारमा |

| सि.नं. | दफा | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत वनाईने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनवाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| | | लेखापरीक्षण शुल्कलाई व्यवस्थित गर्न आवश्यक भएकोले । | व्यवस्थित गर्ने । | महालेखापरीक्षकले लिने लेखापरीक्षण शुल्कलाई व्यवस्थित गरी प्राप्त शुल्क संघीय सञ्चित कोषमा दाखिला हुने । |
| 6. | १५(४) | लेखापरीक्षण गरिने निकायको कार्य प्रकृति अनुसार लेखापरीक्षण कार्यमा विशेष ज्ञान र सीप भएको विशेषज्ञको सेवा लिनु पर्ने अवस्थामा त्यस्ता विशेषज्ञलाई जोखिम र कार्यवोझको आधारमा पारिश्रमिक प्रदान गर्नु पर्ने भएकोले । | लेखापरीक्षण गरिने निकायको कार्य प्रकृति अनुसार लेखापरीक्षण कार्यमा विशेष ज्ञान र सीप भएको विशेषज्ञको सेवा लिनु पर्ने अवस्थामा त्यस्ता विशेषज्ञलाई जोखिम र कार्यवोझको आधारमा दिईने पारिश्रमिक नियमावलीमा व्यवस्थित गर्ने । | लेखापरीक्षण गरिने निकायको कार्य प्रकृति अनुसार लेखापरीक्षण कार्यमा विशेष ज्ञान र सीप भएको विशेषज्ञको सेवा लिनु पर्ने अवस्थामा त्यस्ता विशेषज्ञलाई जोखिम र कार्यवोझको आधारमा दिईने पारिश्रमिक व्यवस्थित हुने र विज्ञको सेवा लिन सहज हुने । |
| 7. | १८ (२) | प्रदेश लेखा परीक्षण कार्यालयले लेखा परीक्षण गर्ने निकायहरु तोक्न आवश्यक भएकोले । | प्रदेश लेखा परीक्षण कार्यालयले लेखा परीक्षण गर्ने निकायहरु सम्बन्धी विवरण स्पष्ट हुने गरी व्यवस्था हुने । | लेखा परीक्षण कार्यमा नियमितता र प्रभावकारिता हासिल हुने । |
| 8. | २६ | ऐनको कार्यान्वयन गर्न महालेखापरीक्षकले नियमावली बनाउन सक्ने व्यवस्था गर्न आवश्यक भएकोले । | लेखापरीक्षणलाई व्यवस्थित गर्न आवश्यक नियमावली वन्ने । | ऐनको कार्यान्वयन गर्न सहज हुने । |
| 9. | २७ | लेखापरीक्षणलाई वस्तुपरक, विश्वसनीय र भरपर्दो वनाई लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न अन्तर्राष्ट्रिय लेखापरीक्षण मापदण्ड र प्रचलित असल अभ्यासमा आधारित लेखापरीक्षण मापदण्ड, निर्देशिका, तथा कार्यविधि वनाई लागु गर्न आवश्यक भएको । | लेखापरीक्षणलाई वस्तुपरक, विश्वसनीय र भरपर्दो वनाई लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न अन्तर्राष्ट्रिय लेखापरीक्षण मापदण्ड र प्रचलित असल अभ्यासमा आधारित लेखापरीक्षण मापदण्ड, निर्देशिका तथा कार्यविधि तयार हुने । | अन्तर्राष्ट्रिय लेखापरीक्षण मापदण्ड र प्रचलित असल अभ्यासमा आधारित लेखापरीक्षण मापदण्ड, निर्देशिका, तथा कार्यविधि वनाई लागु गरिने जसले लेखापरीक्षणलाई वस्तुपरक, विश्वसनीय र भरपर्दो वनाई लेखापरीक्षणको गुणस्तर अभिवृद्धि हुने । |

# लेखापरीक्षण विधेयक, २०७३ को व्याख्यात्मक टिप्पणी

| दफा | दफा शिर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| २. | परिभाषा | विधेयकमा प्रयुक्त भएका शव्दावलीहरुको परिभाषा गर्न आवश्यक भएको । |
| ३. | महालेखापरीक्षकबाट लेखापरीक्षण हुने निकाय | लेखापरीक्षण गर्ने निकाय ऐनमा स्पष्ट गर्न आवश्यक भएको । |
| ४. | लेखापरीक्षण सम्बन्धी तरिका | नेपालको संविधानले प्रदान गरेको जिम्मेवारी पुरा गर्न लेखापरीक्षण गरिने निकाय र लेखापरीक्षणमा संलग्न जनशक्ति समेतको विचार गरी इकाई छनौट गर्ने व्यवस्था समेतका लागि आवश्यक भएको । |
| ५. | विविध विषयको लेखापरीक्षण | लेखापरीक्षणका आयाम थपिदै जादा नया व्यवस्था थप गर्न आवश्यक भएको । |
| ६. | सामयिक लेखापरीक्षण | लेखापरीक्षणका आयाम थपिदै जादा नया व्यवस्था गर्न आवश्यक भएको । |
| ७. | अनुदान तथा सहायताको लेखापरीक्षण | नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहलाई प्राप्त हुने वा प्रदान गरिने जुनसुकै सहायता वा अनुदान रकमको उपयोगको स्थिति सुनिश्चित गर्न आवश्यक भएको । |
| ८. | लेखापरीक्षण गर्ने विषय | लेखापरीक्षण गर्ने विभिन्न विषयलाई स्पष्ट गर्न आवश्यक भएको । |
| ९. | महालेखा परीक्षकले औचित्यको दृष्टिकोणबाट लेखापरीक्षण गर्ने विषय | महालेखापरीक्षकले लेखापरीक्षण गर्न आवश्यक देखेमा औचित्यको आधारमा समेत लेखापरीक्षण गर्ने व्यवस्था को लागि आवश्यक भएको । |
| १०. | नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण स्वामित्व भएको सङ्गठित संस्थाको लेखापरीक्षण | नेपाल सरकार तथा प्रदेश सरकारको पूर्ण स्वामित्व भएको संगठित संस्थाले गर्ने आम्दानी तथा खर्च रकमको उपयोगको स्थिति सुनिश्चित गर्न आवश्यक भएको । |
| ११. | सङ्गठित संस्थाको लेखापरीक्षण | अधिकांश स्वामित्व भएका संगठित संस्थाले सम्बन्धित कानूनले दिएको समयभित्र लेखापरीक्षक नियुक्ति गरी प्रतिवेदन पेश गर्ने व्यवस्था गर्न आवश्यक भएको । |
| १२. | महालेखापरीक्षकले परीक्षण गर्न वा कागजात पेश गर्न लगाउन सक्ने | लेखापरीक्षणमा प्रस्तुत आर्थिक विवरण ठीक छ भनि सुनिश्चित गर्न तथा लेखापरीक्षण प्रतिवेदनलाई वस्तुनिष्ठ वनाउन आवश्यक पर्ने कागजात हेर्न सक्ने व्यवस्था गर्न आवश्यक भएको । |
| १३. | शुल्क लिन सक्ने | महालेखापरीक्षकको कार्यालय आफैले लेखापरीक्षण गरेको, संस्थाबाट लिएको शुल्क रकम सञ्चितकोषमा दाखिला गर्ने व्यवस्था व्यवस्थित गर्न आवश्यक भएको । |
| १४. | लेखापरीक्षणको पुनरावलोकन सम्बन्धी व्यवस्था | लेखापरीक्षण कार्यलाई विश्वसनीय वनाउन पेशागत पुनरावलोकनको व्यवस्था गर्नु पर्ने र पुनरावलोकनलाई व्यवस्थित गर्न आवश्यक भएको |
| १५. | विशेषज्ञ सेवा लिन सक्ने | समयानुकुल विभिन्न क्षेत्रको लेखापरीक्षण गर्नु पर्ने र सो अनुसार महालेखापरीक्षकको कार्यालयमा सवै क्षेत्रका विज्ञको दरवन्दी नरहेकोले विशेषज्ञ सेवा लिनसक्ने व्यवस्था गर्नु परेको । |
| १६. | असल नियतले गरेको कामको लागि जिम्मेवार नहुने | लेखापरीक्षण लाई स्वतन्त्र, निर्भिक, निष्पक्ष तथा वस्तुपरक वनाउन असल नियतले गरेको कामको संरक्षण आवश्यक भएको । |
| १७. | विद्युतीय माध्यमबाट अभिलेख राख्ने | समय र प्रविधिको विकास संगै अभिलेख प्रणालीमा समेत विकास र सुधार गर्दै लैजान आवश्यक भएको । |
| १८. | प्रदेश लेखापरीक्षण कार्यालय | नेपालको संविधानमा भएको संरचनात्मक व्यवस्था अनुसार प्रदेशमा कार्यालय खोल्न आवश्यक भएको । |
| १९. | वार्षिक प्रतिवेदन सार्वजनिक गर्नु पर्ने | नेपालको संविधान अनुसार सम्माननिय राष्ट्रपति समक्ष महालेखापरीक्षकले पेश गर्ने प्रतिवेदनमा समावेश हुने विषय वस्तु स्पष्ट गर्न आवश्यक भएको । |
| २०. | प्रतिवेदन जारी गर्न सक्ने | लेखापरीक्षण प्रतिवेदनमा औल्याइएका विषयलाई समयमै कार्यान्वयन गर्न निकायगत प्रतिवेदन जारी गर्ने व्यवस्था गर्न आवश्यक भएको । |
| २१. | लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन | लेखापरीक्षण प्रतिवेदनमा औल्याइएका विषयको कार्यान्वयनलाई प्रवाभकारी वनाउने व्यवस्था गर्न आवश्यक भएको । |
| २२. | बेरूजुमा कारबाही गर्ने | बेरुजूमा कारबाही गर्ने सम्बन्धी व्यवस्था सम्बन्धमा महालेखापरीक्षकको अधिकार र कार्यवारे स्पष्ट गर्न आवश्यक भएको । |

| दफा | दफा शिर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| २३. | लेखा ढाँचा | लेखा ढाचामा एकरुपता कायम गरी समयानुकूल वनाउने विषय व्यवस्थित गर्न आवश्यक भएको । |
| २४. | महालेखापरीक्षकले निर्देशन दिन सक्ने | लेखा र लेखापरीक्षणलाई व्यवस्थित गर्न महालेखापरीक्षले सम्वन्धित संस्थालाई निर्देशन दिन सक्ने व्यवस्था गर्न आवश्यक भएको । |
| २५. | अधिकार प्रत्यायोजन गर्न सक्ने | अधिकार प्रत्यायोजन गर्ने विषयको लागि आवश्यक परेको । |
| २६. | नियम बनाउन सक्ने | यस ऐनको कार्यान्वयनका लागि आवश्यक नियम तथा कार्यविधीको व्यवस्था गर्न आवश्यक भएको । |
| २७. | मापदण्ड वा निर्देशिका जारी गर्न सक्ने | लेखापरीक्षणलाई वस्तुपरक, विश्वसनीय र भरपर्दो बनाई लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न अन्तर्राष्ट्रिय लेखापरीक्षण मानदण्ड र प्रचलित असल अभ्यासमा आधारित लेखापरीक्षण मानदण्ड, नीति, निर्देशन र निर्देशिका बनाई लागू गर्ने विषय व्यवस्था गर्न आवश्यक भएको । |
| २८. | खारेजी र बचाउ | लेखापरीक्षण ऐन २०४८ खारेज गरी सो अनुसार गरेका काम कारवाहीलाई निरन्तरता दिन र वाकी रहेको लेखापरीक्षणको लेखापरीक्षण गर्ने व्यवस्था गर्न आवश्यक भएको । |

# आर्थिक टिप्पणी

महालेखापरीक्षकको कार्यालयमा हाल भईरहेकै जनशक्तिवाट लेखापरीक्षण कार्य संचालन हुने एवम् प्रदेशस्तरमा कार्यालय खोल्न आवश्यक पर्ने रकम सालबसाली विनियोजन ऐनबाट नै व्यहोरिने भएकोले प्रस्तावित विधेयकबाट नेपाल सरकारलाई कुनै थप आर्थिक भार पर्ने देखिंदैन ।

प्रस्तुत विधेयक पारित भएपछि प्रस्तावित विधेयकको दफा १३ को उपदफा (१) बमोजिम महालेखापरीक्षकले नेपाल सरकार तथा प्रदेश सरकारको पूर्णस्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षण गर्दा लेखापरीक्षण शुल्क लिन सक्ने व्यवस्था कार्यान्वयन हुँदा संघीय सञ्चित कोषमा समेत अभिवृद्धि हुने देखिन्छ ।

# <u>लेखापरीक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक</u>

<u>प्रस्तावना</u>: लेखापरीक्षण सम्बन्धी कानूनलाई समयानुकूल बनाउन वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसद्ले यो ऐन बनाएको छ ।

1. <u>संक्षिप्त नाम र प्रारम्भ</u>: (१) यस ऐनको नाम "लेखापरीक्षण ऐन, २०७३" रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

2. <u>परिभाषा</u>: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ग) "नेपालसरकार वा प्रदेश सरकारको पूर्ण स्वामित्व भएको सङ्गठित संस्था" भन्नाले सबै शेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएको सङ्गठित संस्था वा सबै शेयर वा जायजेथामा त्यस्तो संस्थाको वा त्यस्तो संस्था र नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएको सङ्गठित संस्था सम्झनु पर्छ र सो शब्दले नेपाल सरकार वा प्रदेश सरकारले पूर्ण उत्तरदायित्व व्यहोर्नु पर्ने सङ्गठित संस्था समेतलाई जनाउँछ ।

(घ) "लेखा" भन्नाले आर्थिक कारोबार भएको व्यहोरा देखिने गरी कानून बमोजिम राखिने अभिलेख, खाता, किताब वा अन्य कागजपत्र सम्झनु पर्छ र सो शब्दले कारोबारलाई प्रमाणित गर्ने विद्युतीय अभिलेखलाई समेत जनाउँछ ।

(ङ) "लेखापरीक्षण" भन्नाले दफा ३ बमोजिमको निकायको लेखा तथा लेखासँग सम्बन्धित कामको परीक्षण र त्यसको आधारमा गरिने मूल्याङ्कन तथा विश्लेषण सम्झनुपर्छ र सो शब्दले सम्परीक्षण गर्ने कार्यलाई समेत जनाउँछ ।

(च) "संगठितसंस्था" भन्नाले पचास प्रतिशत भन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएको संगठित संस्था सम्झनुपर्छ र सो शब्दले पचास प्रतिशतभन्दा बढी शेयर वा जायजेथामा संगठित संस्थाको स्वामित्व भएको संस्था समेतलाई जनाउँछ ।

(छ) "सरकारी कार्यालय" भन्नाले राष्ट्रपतिको कार्यालय, उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, संघीय संसद, प्रदेश सभा, नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय वा सोको कार्यालय, अदालत, महान्यायाधिवक्ताको कार्यालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल लगायतका संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय सम्झनु पर्छ ।

(ज) “सामयिक लेखापरीक्षण” भन्नाले आर्थिक कारोबार सम्पन्न भएपश्चात सोही आर्थिक वर्षभित्र लेखासम्बन्धी कारोबारको परीक्षण, विश्लेषण र मूल्याङ्कन गरिने कार्यलाई सम्झनु पर्छ ।

3. <u>महालेखापरीक्षकबाट लेखापरीक्षण हुने निकाय</u> : महालेखापरीक्षकबाट देहायका निकायको लेखापरीक्षण हुनेछ :-

(क) सरकारी कार्यालय,

(ख) नेपालसरकार वा प्रदेश सरकारकोपूर्णस्वामित्वभएकोसङ्गठितसंस्था,

(ग) महालेखापरीक्षकबाट लेखापरीक्षण हुने भनी प्रचलित कानूनद्वारा तोकिएको संस्था वा निकाय ।

4. <u>लेखापरीक्षण सम्बन्धी तरिका</u> : महालेखापरीक्षकले लेखापरीक्षण गर्ने दफा ३ बमोजिमका निकाय वा सो अन्तर्गतका कुनै एकाई मात्र छनौट गरी आर्थिक कारोबार र त्यससँग सम्बन्धित अन्य क्रियाकलापहरूको एक एक गरी वा बीच बीचमा छड्के गरी वा केही प्रतिशत मात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी अन्तिम लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त भएको तथ्यहरू दर्शाउन, त्यसमा आलोचना गर्न र आर्थिक विवरण उपर आवश्यकता अनुसार राय सहितको प्रतिवेदन गर्न सक्नेछ ।

5. <u>विविध विषयको लेखापरीक्षण</u>: (१) महालेखापरीक्षकले लेखापरीक्षण गर्ने दफा ३ बमोजिमको निकायको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको वित्तीय लेखापरीक्षणको अतिरिक्त छनौटको आधारमा सूचना प्रविधि, कार्यमूलक, लैङ्गिक, विधि विज्ञान, वातावरण जस्ता विविध विषयको समेत लेखापरीक्षण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम विविध पक्षको लेखापरीक्षण गर्ने विधि, तरिका, क्षेत्र र परीक्षण गर्ने कुराहरू महालेखापरीक्षकले तोकिदिए बमोजिम हुनेछ ।

6. <u>सामयिक लेखापरीक्षण</u>: (१) महालेखापरीक्षकले लेखापरीक्षण गर्नेदफा ३ बमोजिमको निकायको छनौटको आधारमा आर्थिक वर्ष समाप्त नहुँदै वा कारोबार सम्पन्न भए पश्चात् सामयिक लेखापरीक्षण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम लेखापरीक्षण गर्ने विधि, तरिका, क्षेत्र र परीक्षण गर्ने कुराहरू महालेखापरीक्षकले तोकिदिए बमोजिम हुनेछ ।

7. <u>अनुदान तथा सहायताको लेखापरीक्षण</u>: महालेखापरीक्षकले उपयुक्त ठानेमा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहलाई प्राप्त हुने जुनसुकै प्रकारका सहायता, अनुदान तथा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहबाट प्रदान गरिने जुनसुकै सहायता वा अनुदान रकमको लेखापरीक्षण गर्न सक्नेछ ।

8. <u>लेखापरीक्षण गर्ने विषय</u>: महालेखापरीक्षकले नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेत विचार गरी आवश्यकता अनुसार देहायका विषयको परीक्षण गर्नेछ :-

(क) विनियोजन ऐन तथा अन्य ऐन बमोजिम सेवा तथा कार्यमा खर्च गर्न निर्दिष्ट शीर्षक तथा उपशीर्षकमा स्वीकृत भएका रकमहरू सोही शीर्षक

तथा उपशीर्षकको सीमामा रही निर्दिष्ट प्रयोजनको लागि खर्च भए, नभएको,

(ख) कारोबारको लेखा तोकिएको ढाँचा अनुरुप राखे, नराखेको,

(ग) संवैधानिक निकाय, मन्त्रालय, विभाग र सो सरहका केन्द्रीय तहका कार्यालयहरूले मातहतका कार्यालयको तथा प्रदेशका मन्त्रालय, विभाग र प्रदेश तहका अन्य कार्यालयले मातहतका कार्यालयको विनियोजन, राजस्व, धरौटी लगायतका सम्पूर्ण आर्थिक कारोबारको केन्द्रीय लेखा राखी केन्द्रीय विवरण तयार पारे नपारेको र तयार पारेको भए त्यसले आर्थिक कारोबारको यथार्थ चित्रण गरे, नगरेका,

(घ) संघीय सञ्चित कोष, प्रदेश सञ्चित कोष, स्थानीय सञ्चित कोष, संघीय आकस्मिक कोष, प्रदेश आकस्मिक कोष र अन्य सरकारी कोषको हिसाब यथार्थपरक रहे, नरहेको,

(ङ) सम्बन्धित सरकारी निकायले समयमा बजेट निकासा गरे, नगरेको,

(च) आर्थिक विवरणले त्यसमा लेखिएको अवधिको आर्थिक कारोबारको सही र यथार्थ चित्रण गरे, नगरेको,

(छ) आम्दानी खर्च भएका कलमहरूको पुष्ट्याईं हुने प्रमाण यथेष्ट भए, नभएको,

(ज) खर्च गर्न अधिकार प्राप्त अधिकारीको स्वीकृति भए, नभएको,

(झ) नगदी जिन्सी लगायत उपलब्ध स्रोत, साधन र सम्पत्तिको उचित रुपमा उपयोग गरे नगरेको र त्यस्तो सम्पत्तिको हानि नोक्सानी नहुने गरी सम्भार तथा संरक्षणको उचित व्यवस्था गरे, नगरेको,

(ञ) सरकारी ऋण तथा लगानी र त्यसबाट प्राप्त हुनुपर्ने वा तिर्नु बुझाउनु पर्ने र बुझाइएको साँवा, ब्याज, लाभांश लगायतको लेखा राख्ने व्यवस्था पर्याप्त भए नभएको, त्यस अनुरूप लेखा राखे नराखेको र यथार्थ भए, नभएको,

(ट) खर्च गर्दा दुरुपयोग हुन नपाउने गरी पर्याप्त आर्थिक कानूनी व्यवस्था छ छैन, आर्थिक नियम तथा नियन्त्रण पर्याप्त छ छैन र ती कुराहरूको अनुसरण गरिएको छ, छैन,

(ठ) आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारी व्यवस्था भए नभएको र त्यसको अनुसरण गरे नगरेको,

(ड) आन्तरिक लेखापरीक्षण सन्तोषजनक तरिकाबाट भए नभएको र भएकोमा प्रतिवेदनको कार्यान्वयनको स्थिति सन्तोषजनक रहे, नरहेको,

(ढ) राजस्व तथा सरकारी कोषमा जम्मा हुनुपर्ने रकम कानून बमोजिम निर्धारण, असुली, दाखिला र लेखाङ्कन भए, नभएको,

(ण) धरौटी सम्बन्धी प्रचलित कानूनको पर्याप्तता, त्यसको पालना भए, नभएको,

(त) औद्योगिक तथा व्यावसायिक सेवाहरूको आम्दानी खर्चको लेखा, त्यसको जिन्सी नगदी मौज्दात तथा आर्थिक कारोबार सम्बन्धी व्यवस्था र कानून पर्याप्त भए नभएको र तिनको पालना भए नभएको,

(थ) कार्यालयको संगठन र व्यवस्थापन तथा कार्य विभाजन यथेष्ट र समुचित भए, नभएको र त्यस अनुसार कार्य सञ्चालन भए, नभएको,

(द) कुनै काम अनावश्यक रूपमा दोहोरो हुने गरी विभिन्न कर्मचारी वा निकायबाट गरिएको वा गर्नुपर्ने कुनै काम छुटाएको वा कार्यालयको काम निर्दिष्ट समयमा गर्ने गराउने प्रभावकारी व्यवस्था भए नभएको,

(ध) संगठन र कार्यक्रमको उपलब्धी किटान गर्ने आधार स्पष्ट भए नभएको, कार्यक्रम अनुसार निर्धारित समयभित्र प्रगति भए नभएको तथा कामको गुणस्तर र परिमाण सन्तोषजनक भए नभएको,

(न) कार्यालयको उद्देश्य र नीति स्पष्ट भए नभएको र निर्दिष्ट उद्देश्य तथा नीति अनुरुप कार्यक्रम कार्यान्वयन भए, नभएको,

(प) स्वीकृत लागत खर्चको सीमाभित्र रही कार्यक्रम सञ्चालन गरे नगरेको, खर्च गर्दा लागत तथा उपलब्धी विश्लेषण गरी उचित ढङ्गले खर्च गरे नगरेको र लागतको तुलनामा प्राप्त प्रतिफल मनासिब भए, नभएको,

(फ) लक्ष्य प्रगति तथा लागत खर्चको अभिलेख राख्ने व्यवस्था पर्याप्त र भरपर्दो भए, नभएको,

(ब) कानूनले अनुगमन गर्नुपर्ने व्यवस्था गरे अनुरुप अनुगमन भए, नभएको,

(भ) वित्तीय कारोबार, अभिलेख र प्रतिवेदन व्यवस्थालाई सूचना प्रविधिमा आधारित बनाउन प्रयास भए, नभएको,

(म) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहमा प्रचलित कानून बमोजिम बाँडफाँड भएको राजस्व वा रोयल्टीको उपयोग र परिचालन प्रभावकारी भए, नभएको ।

९. <u>महालेखा परीक्षकले औचित्यको दृष्टिकोणबाट लेखापरीक्षण गर्ने विषय</u>: (१) देहायका विषयहरूको सम्बन्धमा महालेखापरीक्षकले औचित्यको विचार गरी आवश्यकता अनुसार परीक्षण गर्नेछ :-

(क) निकासा अनुसार खर्च गरेको भए तापनि बेमनासिब तरिकाले वा राष्ट्रिय धनको हानि नोक्सानी हुने गरी खर्च भएको देखिएमा त्यस्तो खर्च र निकासाको सम्बन्धमा,

(ख) चल अचल राष्ट्रिय धनको अनुदान वा राजस्वको अभिहस्ताङ्कन वा खानी, जङ्गल, जलशक्ति आदिको सुविधा प्रदान सम्बन्धमा पट्टा, अनुमतिपत्र लाइसेन्स, अधिकार र कुनै

अन्य प्रकारबाट राजस्व वा चल अचल राष्ट्रिय धन त्याग गर्ने गरी जारी गरिएका सबै निकासाहरूको सम्बन्धमा,

(ग) बजेट खर्च, राजस्व असुली र दाखिला तथा अन्य आर्थिक कारोबारका बारेमा सञ्चार माध्यमले औल्याएका विषयवस्तु सम्बन्धमा, र

(घ) निर्माण, मर्मत सम्भार र आपूर्ति सम्बन्धी ठेक्का सम्झौताहरू सम्बन्धमा ।

(२) महालेखापरीक्षकले उपयुक्त ठानेमा आफ्नो कार्य क्षेत्रभित्रको कुनै पदाधिकारीको आर्थिक उत्तरदायित्व तथा जवाफदेहिता मान्य सिद्धान्त बमोजिम परीक्षण गर्न सक्नेछ ।

(३) आय व्यय सम्बन्धी लेखापरीक्षणको काम हुँदा बेरूजुका सामान्य कलमहरू, औचित्यको दृष्टिकोणबाट उल्लेखनीय र महत्वपूर्ण नदेखिएका अन्य कलमहरू महालेखापरीक्षकले आफ्नो प्रतिवेदनमा समावेश नगर्न सक्नेछ ।

10. <u>नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण स्वामित्व भएको सङ्गठित संस्थाको लेखापरीक्षण</u>: (1) दफा ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण स्वामित्व भएका सङ्गठित संस्थाको लेखापरीक्षण गर्न महालेखा परीक्षकले नभ्याउने भएमा प्रचलित कानून बमोजिम प्रमाणपत्र प्राप्त लेखापरीक्षकलाई महालेखा परीक्षकले सहायकको रुपमा नियुक्त गर्न सक्नेछ ।

(2) उपदफा (1) बमोजिम नियुक्त गरिएका लेखापरीक्षकले महालेखापरीक्षकको निर्देशन, रेखदेख र नियन्त्रणमा रही काम गर्नु पर्नेछ ।

(3) उपदफा (1) बमोजिम नियुक्त लेखापरीक्षकको काम, कर्तव्य, अधिकार र दायित्व तथा निजले लेखापरीक्षण गर्दा अपनाउनु पर्ने प्रक्रिया तथा प्रतिवेदन पेश गर्ने सम्बन्धी व्यवस्था महालेखा परीक्षकले तोकिदिए बमोजिम हुनेछ ।

(४) उपदफा (1) बमोजिम नियुक्त लेखापरीक्षकले सम्बन्धित संस्थाबाट पाउने पारिश्रमिक त्यस्तो संस्थाको आर्थिक कारोबार लेखाको अवस्था, शाखा, उपशाखाको सङ्ख्या कार्य बोझ तथा कार्य प्रगति समेतको विचार गरी महालेखा परीक्षकले तोकिदिए बमोजिम हुनेछ ।

11. <u>सङ्गठित संस्थाको लेखापरीक्षण</u> : (१) सङ्गठित संस्थाको लेखापरीक्षण गर्ने कार्यको लागि लेखापरीक्षकको नियुक्ति गर्दा महालेखा परीक्षकको परामर्श लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम महालेखा परीक्षकको परामर्श लिँदा अपनाउनु पर्ने प्रक्रिया तथा लेखापरीक्षकले लेखा परीक्षण गर्दा अपनाउनु पर्ने लेखापरीक्षणका सिद्धान्त सम्बन्धी कुराहरू महालेखा परीक्षकले तोकिदिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम महालेखापरीक्षकसँग परामर्श गरी नियुक्त भएका लेखापरीक्षकले प्रस्तुत गरेको प्रतिवेदनको एक प्रति सम्बन्धित संस्थाले महालेखापरीक्षकको कार्यालयमा समेत पठाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त प्रतिवेदनबाट देखिएको त्रुटिको सम्बन्धमा महालेखापरीक्षकले सम्बन्धित संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

12. <u>महालेखापरीक्षकले परीक्षण गर्न वा कागजात पेश गर्न लगाउन सक्ने</u>: (१) महालेखापरीक्षकले लेखापरीक्षणको सिलसिलामा आवश्यक ठानेमा देहाय बमोजिम गर्न सक्नेछ :-

(क) नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहबाट अनुदान प्राप्त गरी सञ्चालन भएका कार्यक्रम तथा आयोजनाको स्थिति तथा लेखासँग सम्बन्धित कागजात जुनसुकै बखत परीक्षण गर्न,

<u>स्पष्टीकरण</u> : यस दफाको प्रयोजनको लागि "लेखासँगसम्बन्धितकागजात"भन्नालेदफा ३बमोजिमका निकायको लेखापरीक्षण गर्न आवश्यक पर्ने कागजपत्र सम्झनु पर्छ र सो शब्दले त्यस्तो निकायको रणनीति, वार्षिक वा आवधिक योजना, कार्ययोजना, निर्णय, सम्झौता वा समझदारी, प्रगति प्रतिवेदन, अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन र लेखापरीक्षणको कामसँग सम्बन्धित अन्य कागजपत्र वा सूचना प्रविधिमा सङ्ग्रहित विवरण तथ्याङ्क वा सूचना समेतलाई जनाउँछ ।

(ख) सरकारी कामको ठेक्का लिने निर्माण व्यवसायी र आपूर्तिकर्ता वा सरकारी कामको जिम्मा लिने संस्था वा व्यक्तिलाई समेत त्यस्तो ठेक्का वा आपूर्ति वा अन्य सरकारी कामसँग सम्बन्धित कागजात र राजस्व लेखापरीक्षणको सन्दर्भमा राजश्व निर्धारणका प्रयोजनका लागि लिइएका आधारसँग सम्बन्धित थप प्रमाण करदाताबाट कागजात पेश गर्न लगाउन ।

(२) दफा ३ बमोजिमका निकायले कारोबार सञ्चालन गर्न, लेखा राख्न, अभिलेख व्यवस्थापन गर्न वा सूचना प्रवाह गर्न अपनाएका सूचना प्रविधिमा महालेखापरीक्षकको पहुँच हुनेछ ।

13. <u>शुल्क लिन सक्ने</u>: (१) महालेखापरीक्षकले नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण स्वामित्व भएको सङ्गठित संस्थाको लेखापरीक्षणगरे बापत त्यस्तो संस्थाबाट तोकिए बमोजिमको शुल्क लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम लिएको शुल्क संघीय सञ्चित कोषमा दाखिला गरिनेछ ।

14. <u>लेखापरीक्षणको पुनरावलोकन सम्बन्धी व्यवस्था</u>: (१) यस ऐन बमोजिम सम्पन्न गरेको लेखापरीक्षण कार्यको गुणस्तर सुनिश्चित गर्न महालेखापरीक्षकले आवधिक रूपमा गुणस्तर आश्वस्तता पुनरावलोकन वा समकक्षी पेशागत पुनरावलोकनको व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिने पुनरावलोकन बाहेक अन्य कुनै व्यक्ति वा निकायबाट लेखापरीक्षणको पुनरावलोकन गर्न सकिने छैन ।

15. विशेषज्ञ सेवा लिन सक्ने : (१) महालेखा परीक्षकले आफूले सम्पादन गर्नु पर्ने कामको लागि सम्बन्धित विषयको विज्ञ वा विशेषज्ञको सेवा लिन सक्नेछ ।

(२) महालेखापरीक्षकले महालेखापरीक्षकको कार्यालयले सम्पादन गर्नु पर्ने कुनै काममा सहयोगका लागि नेपाल सरकार, प्रदेश सरकार वा स्तानीय तहको कुनै निकायमा कार्यरत विशेषज्ञ वा पदाधिकारीलाई अनुरोध गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुरोध भई आएमा सम्बन्धित निकायले त्यस्तो विशेषज्ञ वा पदाधिकारीलाई खटाउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम विशेषज्ञको सेवा प्रदान गर्ने वा उपदफा (३) बमोजिम खटिएको विशेषज्ञ वा पदाधिकारीलाई तोकिए बमोजिमको पारिश्रमिक वा सुविधादिइनेछ ।

16. असल नियतले गरेको कामको लागि जिम्मेवार नहुने: महालेखापरीक्षकले यस ऐन बमोजिम लेखापरीक्षणलाई व्यवस्थित गर्न जारी गरेको मापदण्ड, नीति, निर्देशन, निर्देशिका तथा लेखापरीक्षण योजना बमोजिम कर्तव्य पालनाको सिलसिलामा असल नियत साथ सम्पन्न गरेको लेखापरीक्षण कार्यबाट हुन गएको कुनै पनि क्षति वा अन्य कुनै प्रकारको त्रुटिको लागि महालेखा परीक्षकको कार्यालयको कुनै कर्मचारी व्यक्तिगत रुपमा जिम्मेवार हुने छैन ।

17. विद्युतीय माध्यमबाट अभिलेख राख्ने: महालेखापरीक्षकले लेखापरीक्षण गर्ने निकायको लेखापरीक्षण फाइल, कार्यपत्र तथा अन्य कागजात विवरणहरूको अभिलेख विद्युतीय माध्यमबाट व्यवस्थित गर्न सक्नेछ ।

18. प्रदेश लेखापरीक्षण कार्यालय: (१) महालेखापरीक्षकको कार्यालय मातहत रहने गरी प्रदेशमा आवश्यकता अनुसार प्रदेश लेखापरीक्षण कार्यालय रहन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम रहने कार्यालयले महालेखापरीक्षकले तोकिदिए बमोजिमका निकायको यस ऐन बमोजिम लेखापरीक्षण गर्नेछ ।

(३) प्रदेश लेखापरीक्षण कार्यालयको काम कारबाहीका बारेमा महालेखापरीक्षकले नियमित निरीक्षण र अनुगमन गर्नुका साथै आवश्यक निर्देशन दिन सक्नेछ ।

(४) प्रदेश लेखापरीक्षण कार्यालयका लागि आवश्यक कर्मचारीहरू महालेखापरीक्षकको कार्यालयबाट खटाइनेछ ।

19. वार्षिक प्रतिवेदन सार्वजनिक गर्नु पर्ने: (१) महालेखापरीक्षकले संविधानको धारा २९४ बमोजिम राष्ट्रपति समक्ष पेश गरेको वार्षिक प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ ।

(२) महालेखापरीक्षकले प्रत्येक प्रदेश, गाउँपालिका र नगरपालिकाको अलग अलग वार्षिक प्रतिवेदन तयार गरी आफैं वा आफ्नो प्रतिनिधि मार्फत सम्बन्धित प्रदेश प्रमुख, गाउँ कार्यपालिकाको अध्यक्ष र नगर कार्यपालिकाको प्रमुख समक्ष पेश गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश गरेको प्रतिवेदन मुख्यमन्त्रीमार्फत प्रदेश सभा, गाउँ कार्यपालिकाको अध्यक्षमार्फत गाउँ सभा र नगर कार्यपालिकाको प्रमुखमार्फत नगर सभामा पेश हुनेछ ।

(४) उपदफा (१) र (२) बमोजिम पेश गरिने प्रतिवेदनमा देहायका कुराहरू खुलाउनु पर्नेछ :-

(क) महालेखापरीक्षकवाट वर्षभरीमा लेखापरीक्षण गरेका निकायको विवरण,

(ख) लेखापरीक्षणवाट देखिएको वेरुजुको स्थिति,

(ग) वेरुजु फछ्र्यौट गर्न गरेका प्रयास र प्राप्त उपलब्धिको विवरण, र

(घ) आवश्यक अन्य कुराहरू ।

(५) महालेखापरीक्षकले तत्काल सुधार गर्नु पर्ने देखेका विषयमा जुनसुकै बखत सम्बन्धित निकाय वा पदाधिकारीबाट आवश्यक विवरण लिईत्यस्तो सुधारको लागि लेखी पठाउन सक्नेछ ।

20. <u>प्रतिवेदन जारी गर्न सक्ने</u> : (१) महालेखापरीक्षकले तोकिएका निकायहरूको लेखापरीक्षण सम्पन्न गरिसकेपछि तोकिएको ढाँचामा राय सहितको वित्तीय लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) मा उल्लिखित विषयका अतिरिक्त तोकिएका निकायहरूको कार्यमूलक, सूचना प्रविधि, विधिविज्ञान, लैङ्गिक, वातावरणीय तथा सामयिक लेखापरीक्षणको प्रतिवेदन समेत जारी गर्न सकिनेछ ।

21. <u>लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन</u>: (१) महालेखापरीक्षकले दफा 19 वा 20 बमोजिमको प्रतिवेदनमा उल्लेख गरिएका विषयमा सुधार भए नभएको र सुझाव कार्यान्वयन भए नभएको सुनिश्चित गर्न लेखापरीक्षण गरिएका निकायबाट भएका कारबाहीको प्रतिवेदन लिने, जवाफ लिने, कार्यान्वयनका लागि समयावधि तोक्ने, पुनःजाँच गर्ने लगायतका कार्य गर्न सक्नेछ र त्यस सम्बन्धमा महालेखापरीक्षकले सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिएको निर्देशन पालना नगरेमा कानून बमोजिम विभागीय कारबाहीको लागि महालेखापरीक्षकले सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

22. <u>बेरूजुमा कारबाही गर्ने</u> : नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको आयव्यय तथा अन्य रकम कलमको लेखापरीक्षण गर्दा देखिएका त्रुटि तथा बेरूजुमा सम्बन्धित निकायले कानून बमोजिम कारबाही गर्नु पर्नेछ ।

23. <u>लेखा ढाँचा</u>: (१) सरकारी कार्यालयको कारोबारको लेखा महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको ढाँचा स्वीकृत गराउने तथा लागू गर्ने गराउने कर्तव्य महालेखा नियन्त्रक कार्यालयको हुनेछ ।

24. <u>महालेखापरीक्षकले निर्देशन दिन सक्ने</u>: (१) महालेखापरीक्षकले संविधान र यस ऐनको अधीनमा रही लेखा सम्बन्धी व्यवस्था मिलाउन वा नियमितता ल्याउनको लागि सम्बन्धित निकायलाई समय समयमा निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

(२) महालेखापरीक्षकले संविधान र यस ऐनको अधीनमा रही निजी क्षेत्रको लेखापरीक्षण सम्बन्धी व्यवस्थाका सम्बन्धमा नेपाल चार्टर्ड एकाउण्टेण्ट संस्थालाई समय समयमा निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु त्यस्तो संस्थाका पदाधिकारीको कर्तव्य हुनेछ ।

(३) महालेखापरीक्षकले सरकारी कार्यालय र संस्थाको लेखापरीक्षण गर्न नियुक्त भएका लेखापरीक्षकलाई लेखापरीक्षण गर्ने विषय, प्रतिवेदनमा समावेश गर्नु पर्ने विषय र प्रतिवेदनमा उल्लेख भएका विषयमा समय समयमा निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु त्यस्तो लेखापरीक्षकको कर्तव्य हुनेछ ।

25. <u>अधिकार प्रत्यायोजन गर्न सक्ने</u>: महालेखापरीक्षकले लेखापरीक्षण गर्ने, लेखापरीक्षण प्रतिवेदन जारी गर्ने, सम्परीक्षण गर्ने र आर्थिक विवरण उपर राय व्यक्त गर्ने सम्बन्धमा महालेखापरीक्षकको कार्यालयका पदाधिकारी, प्रदेश लेखापरीक्षण कार्यालयको प्रमुख वा पदाधिकारीलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

26. <u>नियम बनाउन सक्ने</u>: यो ऐन कार्यान्वयन गर्न महालेखापरीक्षकले आवश्यक नियम बनाउन सक्नेछ।

27. <u>मापदण्ड वा निर्देशिका जारी गर्न सक्ने</u>: महालेखापरीक्षकले यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही लेखापरीक्षणलाई वस्तुपरक, विश्वसनीय र भरपर्दो बनाई लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न अन्तर्राष्ट्रिय लेखापरीक्षण मापदण्ड र प्रचलित असल अभ्यासमा आधारित लेखापरीक्षण मापदण्ड वा निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

२८. <u>खारेजी र बचाउ</u> : (१) लेखापरीक्षण ऐन, २०४८ खारेज गरिएको छ ।

(२) लेखापरीक्षण ऐन, २०४८ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

(३) यो ऐन प्रारम्भ हुँदाका बखत लेखापरीक्षण ऐन, २०४८ बमोजिम लेखापरीक्षण हुन बाँकी रहेको लेखाको लेखापरीक्षण यसै ऐन बमोजिम हुनेछ ।